"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## आगामी आ.व. २०८२/०८३ को लागि बहाल बिटौरी शुल्क (चमेनागृह) सङ्कलनसम्बन्धी दरभाउपत्र पेस गर्ने बारेको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१७ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०३/१० गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाबमोजिम देहाय अनुसार आयमूलक भवन आ. व. २०८२/०८३ भरको लागि बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र दरभाउपत्र पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क्र. सं. | बहाल बिटौरी शुल्कको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम बार्षिक ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|
| १. | खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसरमा चमेनागृह (क्यान्टिन) सञ्चालन | रु. ४१,५५०।- (एक चालिस हजार पाँच सय पचास मात्र) | |

**शर्तहरु :-**

१. दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।- (अक्षेरुपि एक हजार मात्र) यस नगरपालिकाको राजश्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सातौं दिनको ठीक ५:०० वजे भित्रमा दरभाउपत्र फारम खरिद गरी सक्नुपर्नेछ । आठौं दिनको १२:०० बजे भित्र दरभाउपत्र फारम पेस गरिसक्नुपर्नेछ । रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिका कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क वरावरको नगद वा चेकबाट रकम बुझाउनुपर्नेछ ।

५. दरभाउपत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बांकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो दरभाउपत्र पेस गर्नेको दरभाउपत्र पेस भएको भए पनि बदर गरिनेछ ।

६. दरभाउ पेस कर्ताले दररेट उल्लेख गर्दा आफुले सेवा गर्ने परिकारको नाम, परिमाण, गुणस्तर, मूल्यसूची र दररेट समेत अङ्क र अक्षर दुवैमा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

७. चमेनागृह (क्यान्टिन) सञ्चालन गर्ने व्यक्ति/संस्था/फर्महरुले प्रस्ताव पेश गर्दा तालिम प्राप्त कुक रहेको प्रमाणपत्र र कम्तिमा २ (दुई) वर्षदेखि सोही प्रकृतिको व्यवसाय सञ्चालन गर्दै गरेको प्रमाणसाथ पेश गर्नुपर्नेछ ।

८. खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसरमा चमेनागृह (क्यान्टिन) मा बेचविखन गर्ने खानेकुराहरु स्वास्थ्यकर, पोषणयुक्त, ताजा र पिउने पानी शुद्ध हुनुपर्नेछ ।

९. क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको विक्रि वितरण गर्न पाईने छैन । कार्यालयले तोकेको समयक्रम क्यान्टिन संचालन गर्नुपर्नेछ ।

प्रसाद दजगाई
प्रमुख प्रशासकीय अधिकृत

१०. दरभाउपत्र दाताले कवोल रकमसाथ खाँदबारी नगरपालिका स्थित राष्ट्रिय वाणिज्य वैङ्क लि., खाँदबारी शाखामा रहेको खाँदबारी नगरपालिकाको कार्यालयको धरौटी खाता नं. २०८०१००३०३००००००२ मा बार्षिक कवोल अङ्कको २.५ (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम वापत् जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क "क" वर्गको वैङ्कहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको मान्य अवधि भएको वैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नुपर्नेछ ।

११. दरभाउपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१२. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानूनवमोजिम हुनेछ ।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत